ठूलीभेरी नगरपालिकाको ११औ नगरसभा २०८० असार १० गते
बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक
नगर उपप्रमुख छिरिङ्ग टोल्मा महतज्यूले पेश गर्नुभएको

# आर्थिक वर्ष २०८०/८१ को
# राजश्व र व्ययको अनुमान
# (बजेट)

ठूलीभेरी नगरपालिका
डोल्पा जिल्ला
कर्णाली प्रदेश
२०८०

## आगामी आ.व.२०८०/८१ को राजश्व र व्ययको अनुमान

सभाध्यक्षज्यू

सभाध्यक्षज्यूको अनुमतीले म यस नगरपालिकाको आगामी आ ब २०८०।८१को अनुमानित बजेट तथा कार्यक्रम पेश गर्न गइरहेको छु ।नागरिकका अनगिन्ती विकासको चाहाना र छिटो विकासको चाहानालाई सीमित स्रोत र साधनले सम्बोधन गर्न चुनौतीपूर्ण रहेको बिषय सबैमा जगजाहेर छ । हाम्रा अधिकतम प्रयास नागरिकको सुख र सन्तुन्ष्टि तर्फ लक्षित छ । हिजो निर्वाचित जनप्रतिनिधको रुपमा हामी आउदै गर्दा र आजको वर्तमान अवस्था हेर्दा पक्कै पनि आशावादी हुने स्थानमा हामीले पुर्याएका छौं।

## सोंच, लक्ष्य, उद्देश्य, प्राथमिकता र अपेक्षित उपलब्धिः

**सोंचः** समृद्द नगर, सुखी नगरबासी ।

**लक्ष्यः** पूर्वाधारजन्य गरिबी, आर्थिक गरिबी, सोचाइमा रहेको गरिबी तथा बेरोगारी घटाउनु।

**बजेटको उद्देश्यहरुः**

१ रोजगारी सृजना गर्ने ,

२ गुणस्तरीय सामाजिक विकास र सामाजिक सुरक्षाको प्रत्याभुत गर्ने ,

३ कृषिमा व्यवसायिकताको विकास गर्ने,

४  भौतिक पूर्वाधार निर्माणमा जोड दिने,

५  सुशासन कायम गरी   आम नागरिकमा परिवर्तनको अनुभुति दिलाउने आदि ।

**बजेटका प्राथमिकताका क्षेत्रहरुः**

१  कृषि क्षेत्रको विकास

२ गुणस्तरीय शिक्षा   ,स्वास्थ्य र खानेपानी

३  सेवा प्रवाहमा सुधार

४ नगरस्तरीय सडकहरुको स्तरउन्नति

५ संस्थागत विकास

६ फोहरमैला तथा विपद् व्यवस्थापन

**सभाध्यक्ष महोदय,**

बजेटले लिएको उद्देश्य हासिल गर्न देहाय बमोजिमको प्रस्ताव गरेको छु।

1. स्थानीय भुगोलको माग अनुसार हरेक बर्षको जेष्ठ १५ गतेको वरपर देखी असार महिनाको १५ सम्म यार्साको सिजन भएकाले आम नागरिकहरु पाटन लेकतर्फ जाने र जनप्रतिनिधिले त्यसको विपद्जन्य व्यवस्थापनको रखबारी गर्नुपर्ने परम्परा रहेकोले आर्थिक बर्ष २०८०।८१ देखी पूर्वाधारतर्फका सम्पूर्ण आयोजनाहरु बैशाख मसान्तसम्म सम्पन्न गर्नुपर्ने कार्ययोजनाकासाथ अघि बढ्ने व्यवस्था मिलाएको छु ।
2. ससाना बजेट र धेरै योजना निर्माण गरी बजेट छर्ने र वितरणमुखी योजना घटाइ नागरिकको अपनत्व नहुने खालको कार्यक्रमहरुलाई न्यूनिकरण गरी सक्रिय

नागरिक सहभागिता हुने, धेरै बजेटका सिमित योजना बनाइ कार्यान्वयनमा लैजाने प्रयास गरेको छु ।

1. विस्तृत संभाव्यता अध्ययन , जग्गा प्राप्ति लगायतका पूर्व तयारी पूरा भई कार्यान्वयनमा जान सक्ने आयोजनालाई मात्र कार्यक्रममा समावेस गरी बजेट विनियोजन गर्ने व्यवस्था मिलाएको छु ।

2. उपभोक्ता समिति मार्फत वा ठेक्का प्रक्रिया जुनसुकै विधिबाट आयोजनाको कार्यान्वयन गरेपनि कार्तिक मसान्तभित्र सम्झौता गरिसक्नुपर्ने व्यवस्था र बैशाख मसान्त भित्र कार्यसम्पन्न गर्नुपर्ने व्यवस्था गरी कडाइका साथ लागु गर्ने नीति लिइएको छ ।

3. आन्तरिक स्रोतको न्यूनता र सिलिङ्ग तोकिएको राजश्व बाँडफाँड , वित्तीय समानीकरणको बजेट पनि पुरा रुपमा प्राप्त नभइरहेको सन्दर्भमा चालु खर्च माथि परेको भारलाई घटाउन नगरको आफ्नै सवारी साधन नभएको अवस्थालाई मध्येनजर गरी नगर प्रमुख र उपप्रमुखको हकमा " कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी ऐन २०७७ " को अनुसुची २ बमोजिम नै यातायात खर्च वापत एकमुष्ट रुपमा नगद सुविधा प्रदान गर्ने व्यवस्था मिलाइनेछ भने यातायातको साधन हुने वडाध्यक्षहरुको हकमा

मासिक रु २५ लि पेट्रोल पदाधिकारी इन्धन शीर्षकबाट भुक्तानी दिने व्यवस्था मिलाएको छु ।

4. विकास निर्माण कार्यमा एक्साभेटर र ट्र्याक्टर माग गर्ने व्यक्ति वा संस्थालाई साधन उपलब्ध गराउने नगरको वर्तमान पद्धतिले गर्दा नगरले अधिक मात्रामा इन्धन खर्च गरेको देखिएको र विनियोजित बजेटले पनि इन्धनलाई नपुग्ने देखिएको अवस्था छ ।आगामी बर्षदेखी एक्साभेटर र ट्र्याक्टर माग गर्ने व्यक्ति वा संस्था स्वयंले इन्धनको व्यवस्था गर्नुपर्ने व्यवस्था मिलाइएको छु ।

## यस सम्मानित एघारौ नगरसभाका सभाध्यक्षज्यू

यस नगरपालिकाका नगर प्रमुखबाट यस सम्मानित सभामा पेश भएको आ ब २०८०।८१ को नीति तथा कार्यक्रम यस सम्मानित नगरसभाबाट कर्तल ध्वनीका साथ सर्वसम्मतीले पारित भइसकेको ब्यहोरा यस सम्मानित सदनलाई अवगत नै छ । तिनै पारित नीति तथा कार्यक्रममा आधारित रही यो बजेट तथा कार्यक्रम तयार पारिएको व्यहोरा म यस सम्मानित सदनलाई निवेदन गर्दछु ।

### अनुमानित आय व्यय र स्रोत व्यवस्थापन

### आयतर्फ

संघीयताको प्राप्तिपछि स्थानीय तहलाई प्राप्त करको अधिकार मध्येको पहिलो सम्पत्ति कर हालसम्म पनि यस नगरपालिकामा लागु नभएकोले नगरको आन्तरिक स्रोत न्यून भइ चालु प्रकृतिको खर्च पनि वित्तीय समानीकरणबाट व्यहोर्नुपर्ने अवस्था थियो । यस्तो बिषम

परिस्थितिलाई ध्यानमा राख्दै यहि श्रावण १ गतेदेखी लागु हुने गरी नगर क्षेत्रभित्र बनेको घर वा संरचना र सो संरचनाले ओगटेको क्षेत्रफलको दोब्बर जमिनमा सम्पत्ती कर लगाउने प्रस्ताब गरेको छु । जसबाट नगरलाई करीब रु १० लाख प्राप्त हुने अनुमान छ । संरचना नभएको क्षेत्रमा साविकमा लगाउदै आएको मालपोत करलाई नै निरन्तरता दिइएको छु। जसबाट नगरलाई रु २ लाख प्राप्त हुने अनुमान छ । नगरपालिका क्षेत्रभित्रका रहेका घर र जग्गाहरु वहालमा लगाउने व्यक्ति वा संस्थालाई विगतमा लगाउदै आएको १० प्रतिशतको घरजग्गा बहाल करको दरमा परिवर्तन गरी कृषि कार्यमा भाडामा लिइने जग्गामा विगतमा लगाउदै आएको १० प्रतिशत करको दरलाई ८० प्रतिशत घटाइ २ प्रतिशतमा झारिएको छ । जसले कृषि कर्महरु विस्तार गर्न सहज हुनेछ भन्ने विश्वास गरिएको छ आवसीय प्रयोजनमा लगाउदै आएको १० प्रतिशत करको दरलाई ५० प्रतिशत घटाई ५ प्रतिशत कायम गरेको छु । जसबाट होटल व्यवसाय र आवासमा घर जग्गा बहालमा लगाउने घरधनीलाई राहत पुग्ने र न्यून कर भएकाले करको दायरामा आउने बानीको विकास हुने अपेक्षा राखिएको छ । सरकारी वा गैससको प्रयोजनको हकमा १० प्रतिशत कर लाग्ने गरी प्रस्ताब गरेको छु । यसरी घरजग्गाबहाल करबाट नगरपालिकालाई रु ४ लाख राजश्व प्राप्त हुने अनुमान छ । नगर क्षेत्रभित्र व्यापार व्यवसाय गरी बस्ने व्यवसायीको व्यवसाय दर्तालाई सहजीकरण गर्न चालु बर्षमा जस्तै टोल टोल र घर घरमा गइ व्यवसाय दर्ता गर्न घुम्ती सेवा सञ्चालन गरिने छ । यसबाट सबै व्यवसायीहरुमा सहजताको महसुस हुने र करको दायरा नआएका व्यवसायीहरुलाई दायरामा ल्याउन सहजीकरण पुग्ने देखिन्छ । पहिलो पटक व्यवसाय दर्ता गर्ने व्यवसायीको व्यवसाय दर्ता र दर्ता भइसकेका व्यवसायीहरुको हकमा नविकरण

बापतको व्यवसाय कर लिइनेछ ।  जसबाट नगरपालिकालाई रु ४ लाख प्राप्त हुने अनुमान छ । नगरपालिकाले आगामी आ ब २०८०।८१ बाट घरनक्सा पासको कार्य आरम्भ गर्न लागिएको छ ।  घरनक्सापास वापत घरको बनोटको प्रकृति अनुसार करको दर प्रस्ताब गरेको छु ।जसबाट नगरलाई रु ३ लाख प्राप्त हुने अनुमान छ । नगरपालिका र नगरपालिका अन्तरगरका वडा कार्यालयहरुबाट प्रदान गरिने सेवामा लगाइने सेवा शुल्क दस्तुर सिफारिश दस्तुर लगायतबाट गत विगतमा जस्तै आगामी आर्थिक बर्षमा पनि रु ५ लाख प्राप्त हुने अनुमान गरेको छु । नगरपालिका अन्तरगतका विभिन्न ऐलानी र सार्वजनिक जग्गाहरुमा घर पसल निर्माण भएका छन् ती सबैलाई अब सम्पत्ति कर सरहको बहाल विटौरी शुल्क लिइ करको दायरामा ल्याईने छ त्यसरी कर लगाइए बापत रु १ लाख प्राप्त हुने अनुमान छ । नगरपालिकाका पाटन लगायतका उच्च पहाडी क्षेत्रमा रहेको यार्सागुम्बा लगायतका जडिबुटीको बर्षेनी करोडौको व्यापार भइरहेपनि नगरको प्राकृतिक स्रोतको रुपमा रहेको जडीबुटी वापतको राजश्व हालसम्म पनि नगरलाई प्राप्त नभइरहेको सन्दर्भमा आगामी आर्थिक बर्ष २०८०।८१ देखी यार्सागुम्बा संकलनमा नगरभित्रका नागरिकहरुलाई रु १०० र नगर बाहिरका लागि रु २०० र बिक्रीमा प्रतिकेजी ५ हजार र अन्य जडिवुटीमा बिक्री करको प्रति केजीका दरले कर प्रस्ताब गरेको छु । यसबाट नगरलाई करीब रु १० लाख प्राप्त हुने अनुमान गरेको छु । विभिन्न प्रशासनिक दण्डसजायबाट रु ५० हजार प्राप्त हुने अनुमान छ । नगरपालिकास्थित ठूलीभेरी नदीको ढुङ्गा गिटी वालुवाको ठेक्का नलगाइ सामान्य हिसाबले दिइदै आएकोमा आगामी बर्ष नदीको वातावरणीय परीक्षण गरी ठेक्का लगाइनेछ । जसबाट नगरलाई १० लाख प्राप्त हुने अनुमान छ  ।नगरपालिकाले चालु आव मा खरीद

गरेको एक्साभेटर नगरको विकास निर्माणको काममा लगाइ नगरमा आम्दानी गर्न थालिएको छ । जसबाट आगामी आ ब मा नगरलाई रु २५ लाख आम्दानी हुने अनुमान गरेको छु । ब्यक्तिगत घटनाको रुपमा दर्ता हुने जन्म मृत्यु विबाह बसाईसराई र सम्बन्ध विच्छेद लगायतबाट रु ५० हजार प्राप्त हुने अनुमान छ आन्तरिक स्रोत वापत गत आवमा यथार्थ आम्दानी ३५ लाख प्राप्त भएको थियो । चालु आवमा आन्तरिक स्रोत वापत रु ३८ लाख हुने अनुमान गरिएकोमा आ ब को अन्त्य सम्ममा करीब ५० लाख प्राप्त हुने संशोधित अनुमान छ । यसरी नगरपालिकाको कूल आन्तरिक आम्दानी रू. ७५,००,०००। ( पचहत्तर लाख) हुने अनुमान गरेको छु,

केन्द्र सरकारबाट राजश्व बाँडफाँड वापत रू.६,९६,४९,३००। (छ करोड छयानब्बे लाख उनान्पचास हजार तीनसय प्राप्त हुने अनुमान छ। कर्णाली प्रदेश सरकारबाट राजश्व बाँडफाँड वापत रू.३,७५,९४२। (तीन लाख पचहत्तर हजार नौ सय बयालिस प्राप्त हुने अनुमान छ। चालु आ ब को असार मसान्तसम्म खर्च नभई नगरपालिकाको संचितकोषमा रु २५,००० (पच्चिस हजार) बाँकी हुने अनुमान गरिएको छ । यसरी यी सबै स्रोत र अल्या समेत गरी आन्तरिक स्रोततर्फ जम्मा रु. ७,७५,५०,२४२। (अक्षेरूपी सात करोड बहत्तर लाख दश हजार दुइ सय बयालिस रुपैया) हुने अनुमान गरिएको छ । त्यस्तै नेपाल सरकारबाट वित्तीय समानीकरण अनुदान वापत रू.७ ,८१,००,००० (सात करोड एकासी लाख) र सशर्त चालु अनुदान तर्फ रू.१८ ,२९,००,०००। (अठार करोड उनन्तीस लाख) सशर्त पुँजिगत अनुदान तर्फ रू.२,४७,००,०००। (दुइ करोड सतचालिस लाख) विशेष अनुदान १०००००० एक करोड र समपुरक अनुदानतर्फ १०००००० एक करोड गरी जम्मा रु ३०५७००००० तीस करोड सन्ताउन्न लाख र

कर्णाली प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदान वापत रू.८६,२५,०००। (छयासी लाख पच्चिस हजार) सशर्त चालु अनुदान तर्फ गरी रु ३ ,७९,७३,०००(तीन करोड उनासी लाख त्रिहत्तर हजार ) सशर्त पुँजिगत अनुदान तर्फ रू.४ ,९०,००,०००। (चार करोड नब्बे लाख)प्राप्त हुने अनुमान छ । समपुरक अनुदान रु १०००००००० एक करोड गरी जम्मा रु ९,६९,७३,००० (नौ करोड उनान्सत्तरी लाख त्रिहत्तर हजार ) प्राप्त हुने अनुमान छ सबै स्रोत गरी कुल आम्दानीतर्फ रू.४८ ,०२,२३,२४२ (अठ्चालिस करोड दुइ लाख तेइस हजार दुइ सय बयालिस ) प्राप्त हुने अनुमान गरेको छु।

**ब्ययतर्फ**

कूल रकममध्ये चालु खर्चतर्फ पदाधिकारीहरूको सुविधामा रु. ८६,१५,०००।(छयासी लाख पन्ध्र हजार ) खर्च हुने अनुमान गरेको छु । कमर्चारी पारिश्रमिक तथा सुविधातर्फ रु.४ ,८०,९४०००।(चार करोड असी लाख चौरानब्बे हजार ), कार्यालय सञ्चालन सम्बन्धी खर्च रू.५० ,००,००० (पचास लाख), मर्मत सम्भार खर्च रू. ५००,०००। (पाँच लाख), कार्यक्रम खर्च रू.१७,००,०००।(सत्र लाख), सेवा तथा परामर्श खर्च रू.२५ ,००,०००।(पच्चिस लाख)।, अनुगमन मूल्यांकन र भ्रमण खर्च रू.४५,००,०००।( पैतालिस लाख) ,नगर प्रहरी भर्ना तथा व्यवस्थापन खर्च ४०,००,०००। चालिस लाख , घरभाडा खर्च रु १८०००००।(अठार लाख ) एवं विविध खर्च रू.३०,००,०००।(तीस लाख ) सीप विकास तथा जनचेतना तालीम खर्च रु १०००००० दश लाख इन्धन खर्च रु . ३५ लाख, वडा बैठक तथा प्रशासनिक खर्च रु ६६ लाख अन्य रु.१करोड १९ लाख अन्य समेत गरी जम्मा प्रशासनिक खर्च रु रू.१०,

करोड १८ लाख ९ हजार हुने अनुमान छ । जुन कूल ब्यय अनुमानको ६१.९७% हुन आउँछ ।

त्यसैगरी पूँजिगत कार्यक्रमतर्फ समपुरक कोष तर्फका कार्यक्रमका लागि रु १ करोड दिगो विकास लक्ष्य तर्फका कार्यक्रमका लागि रु १ करोड ३७ लाख ६६ हजार २४२ रुपैया वडास्तरीय कार्यक्रमका लागि १ करोड १० लाख गत आ ब को भुक्तानी दिने कार्यक्रमका लागि रु ६६ लाख नगरस्तरीय कार्यक्रमका लागि रु २ करोड २२ लाख विनियोजन गरेको छु । नगरले बाँडफाँड गर्नुपर्ने रकम मध्ये पूँजिगत कार्यक्रम तर्फको कूल व्यय रकम रु ६ करोड २४ लाख ६६ हजार २४२ भइ कूल व्यय अनुमानको ३८.०३% हुन आउँछ ।

त्यसै गरी संघीय कार्यक्रम मध्ये शिक्षातर्फका कार्यक्रमका लागि रु १३ करोड ८४ लाख, स्वास्थ्यतर्फका कार्यक्रमका लागि ३ करोड ३ लाख , कृषि तथा पशुपंक्षीतर्फका कार्यक्रमका लागि ३७ लाख , खानेपानी तथा सरसफाइतर्फका कार्यक्रमका लागि दुइ करोड २५ लाख , रोजगार तर्फका कार्यक्रमका लागि ९२ लाख , पूर्वाधारतर्फका कार्यक्रमका लागि १ करोड ७९ लाख , बहुक्षेत्रीय तर्फका कार्यक्रमका लागि २१ लाख , लधु उद्यम विकास कार्यक्रमका लागि १३ लाख , राष्ट्रिय परिचयपत्र तथा पञ्चिकरणतर्फका कार्यक्रमका लागि ९ लाख , नविकरणीय उर्जातर्फका कार्यक्रमका लागि रु १२ लाख राष्ट्रपति रनिङ्गशिल्ड तर्फ १ लाख गरी २२ करोड ७६ लाख विनियोजन गरेको छु ।

त्यसै गरी प्रदेश सरकारका कार्यक्रम रोजगारतर्फका कार्यक्रमका लागि २ करोड २१ लाख ८० हजार , प्रशासकीय भवन निर्माणतर्फका लागि रु १ करोड ५० लाख , फोहरमैला व्यवस्थापन कार्यक्रमका लागि रु १ करोड , स्वास्थ्यतर्फका कार्यक्रमका लागि रु २२ लाख ९८ हजार , कृषितर्फका कार्यक्रमका लागि ३ लाख ७० हजार आँखेखोला मिनि हाइड्रो निर्माणका लागि रु २ करोड ८५ लाख शिक्षातर्फ रु २० लाख पूर्वाधारतर्फ ८० लाख गरी जम्मा ८ करोड ८३ लाख ४८ हजार विनियोजन गरेको छ।

यसरी नगरपालिकास्रोत , संघीय सरकार स्रोत र प्रदेश सरकार स्रोत गरी कूल जम्मा व्ययतर्फ रू. ४८ करोड ०२ लाख २३ हजार २४२ रुपैया खर्च हुने अनुमान छ। उपरोक्त अनुसार हुने खर्चमध्ये चालु तर्फ रु नगरपालिकाको रु १० करोड १८ लाख ०९ हजार , प्रदेश सरकार २ करोड ९३ लाख ४८ हजार र संघीय सरकार रु १९ करोड २९ लाख गरी जम्मा चालु खर्च रु ३२ करोड ४० लाख ५७ हजार भइ कूल व्यय अनुमानको ६७.४८ प्रतिशत हुन आउँछ । पुँजिगततर्फ नगरपालिकाको रु ६ करोड २४ लाख ६६हजार २४२ रुपैया , प्रदेश सरकार ५ करोड ९० लाख संघीय सरकार रु ३ करोड ४७ लाख गरी जम्मा पूँजिगत खर्च रु १५ करोड ६१ लाख ६६ हजार २४२ रुपैया भइ कुल व्यय अनुमानको ३२.५२ प्रतिशत हुन आउँछ ।

**बार्षिक बजेट**

| शिर्षक | बजेट रु | प्रतिशत |
|---|---|---|
| जम्मा बजेट | ४८०२२३२४२ | १००% |
| चालु खर्च | ३२४०५७००० | ६७.४८% |
| पूँजिगत खर्च | १५६१६६२४२ | ३२.५२% |

उपसंहार

अन्त्यमा नगरबासीका अपेक्षा र मागहरु धेरै छन् । आफ्नै गाउँघरमा आइपुगेको स्थानीय सरकारले विविध क्षेत्रमा सहयोग गरोस भन्ने भावना र चाहाना हुनु स्वभाविक पनि हो । ती योजनाहरुलाई नगरपालिकाको योजना बैकमा राखी आगामी दिनमा प्राथामिकताको आधारमा सम्वोधन गर्दै अघि बढिनेछ । नागरिकका अपेक्षा क्रमशः सम्बोधन गर्दै समृद्द नगरपालिका हुदै समृद्द मुलुक निर्माण गर्ने अभियानमा हाम्रो निरन्तर प्रयास रहनेछ । नगरपालिका सामु विद्यमान रहेका चुनौतीहरुलाई सामना गर्दै अघी बढ्न सकेमा हामी अवश्य पनि लक्ष्यमा पुग्न सक्नेछौ । यस नगरसभाबाट निर्णय भएका जतिपनि योजना र कार्यक्रमहरु छन् ती सबैको प्रभावकारी कार्यान्वयन गर्नु हामी सबैको कर्तब्य पनि हो । हामी सिक्ने अभ्यासमा भएकाले पनि विगतमा केही कमी कमजोरी हुनसक्लान। आशा छ आगामी बर्ष हामी सबै आ आफ्नो कार्यक्षेत्र परिपक्वताका साथ उत्रने छौ ।

छिरिङ्ग टोल्मा महत
संयोजक
बजेट तथा कार्यक्रम तर्जुमा समिति